**Journal of Research in Education (JoRE)**
**ISSN:** 3059-9741
**Published by:** Journal of Research in Education (JoRE)
**A Multidisciplinary Peer Reviewed Open Access Journal**
**Email:** jore.centralcampus@gmail.com
Website: http://education.fwu.edu.np/

# शिक्षकको पेसागत विकासमा पाठ अध्ययन प्रक्रियाको उपयोगिता र प्रभावकारिता

**किरण कोइराला**
जनज्योति माध्यमिक विद्यालय, खुर्कोट, सिन्धुली
koiralakiran123@gmail.com

**सार**

*शिक्षकको पेसागत विकासमा पाठ अध्ययन प्रक्रियाको उपयोगिता र प्रभावकारिता सम्बन्धी उद्देश्य रहेकोयस अध्ययनमा कक्षा अवलोकन, अन्तर्वार्ता र समूह छलफल जस्ता गुणात्मक अनुसन्धान विधिको प्रयोग गरेरसिन्धुली जिल्लागोलन्जोर गाउँपालिकाको कक्षा तीनमा अध्यापनरत प्राथमिक तहकाचार जना शिक्षकहरुलाई निर्णयात्मक नमूना छनोट विधिबाट सहभागिता गराइयो । अनुसन्धानकर्ता सहित प्रधानाध्यापक, विषय विज्ञ र सहपाठी शिक्षकहरु शिक्षकको पेसागत सहयोगीका रुपमा रहेर अनुसन्धानात्मक पाठ योजना निर्माणदेखि सिकाइ सहजीकरणसम्मको कार्यमा सहकार्यात्मक भूमिका निर्वाह गरियो । अनुसन्धानकर्ताले तयार पारेको शैक्षिक उपलब्धि परीक्षणलाई तथ्याङ्क सङ्कलन साधनको रूपमा प्रयोग गरियो। चार महिनाको अनुसन्धानात्मक अवधिमा प्राप्त तथ्यको आधारमा शिक्षकलाई सहपाठी समूहमा पूर्व तयारी र शिक्षण सहजीकरणको पूर्व अभ्यास गराइ आवश्यक रचनात्मक पृष्ठपोषण सहित वास्तविक कक्षा शिक्षण गराउँदा सिकाइ उपलव्धिमूलक रहेको वास्तविकता पाइयो । विशेष गरी समुहमा काम गर्न नचाहने शिक्षकको प्रवृत्तिगत समस्या बन्दै गइरहेको अवस्थामा शिक्षण कार्यमा सहकार्यात्मक प्रक्रियाको विकास गर्न र कम शैक्षिक उपलब्धि स्तर भएका विद्यालयहरूमा एकीकृत पाठ्यक्रमको कार्यान्वयनमा हाम्रा सहकार्यात्मक कार्यहरु पनि एकीकृत गरिने हुँदा पाठ अध्ययनको अभ्यास प्रभावकारी र उपलव्धिमूलक हुने देखियो ।*

**शब्दकुञ्जी:** *पाठ अध्ययन, सिकाइ सहजीकरण, समुह कार्य, अवलोकन, प्रतिक्रिया, पेसागत सहयोग*

## परिचय

शिक्षकको पेसागत विकासको प्रभावकारिता शिक्षणीयकार्यको कुशलता र विद्यार्थीको सिकाइ उपलब्धिसँग सम्बन्धित भएर खोजिनु पर्छ । जापानी शिक्षकहरूले एक पटक मात्र हुने पेसागत विकासमा सहभागी हुँदैनन् । यसको सट्टाउनीहरूले पाठ अध्ययनमार्फत निरन्तर पेसागत विकासमा संलग्न रहन्छन् (एर्मेलिंगरग्राफ-एर्मेलिंग, २०१६; लुईस र अन्य, २००९)। नेपालको सन्दर्भमा पनि शिक्षकको पेसागत विकासको प्रक्रिया निरन्तर पेसागत सहयोग प्राप्त हुने गरी गरिनु पर्दछ ।शिक्षक बढुवा प्रक्रियामा प्राप्त गरिने अंकमा मात्र सीमित हुने गरी पेसागत विकासलाई शिक्षकले बुझ्न नहुने र पाठ अध्ययनको चक्रीय प्रक्रियालाईअनुसन्धानत्मक पाठ योजना निर्माण, कार्यान्वयन, प्रतिबिम्बन र सुधार गरी निरन्तर रुपमा शिक्षण सहजीकरण प्रक्रियामा उपयोग गर्नु पर्दछ।पाठ अध्ययन प्रक्रियामा शिक्षकहरूले अध्यापन गरिने विषयको चयन पश्चातसहपाठी शिक्षकसँग"अनुसन्धान पाठको" विकास गर्छन् । शिक्षकले अनुसन्धानात्मक पाठको शिक्षण सहजीकरण गर्दा सहज कर्ता शिक्षक तथा विद्यार्थीहरुको रुचि र क्रियाकलापलाई सहपाठी शिक्षकले अवलोकन गर्छन् । शिक्षणीय कार्यहरु सहपाठी शिक्षक तथा विद्यार्थीहरुको सहकार्यात्मक रुपमा गरिने भएकोले पठनपाठन कार्यलाई अनुसन्धानात्मक, व्यवस्थित र उपलब्धिमूलक हुनेगरी व्यवस्थापन गरिने हुँदा शिक्षण कार्यमा हुनेसक्रिय सहभागिताले सिकाइ सधै रुचिपूर्ण र जीवन्त हुने हुन्छ ।अवलोकनको क्रममा सङ्कलित तथ्यहरुलाई साझा गरेर पाठलाई परिमार्जन र सुधार गर्ने उद्देश्यले शिक्षकहरूले समीक्षा गर्छन् (डोनोहुर अन्य, २०१६; फर्नांडीजरअन्य, २००३)। जापानी शिक्षाको मुख्य ध्यान विद्यार्थीहरूले सोच्नुमा र शिक्षकहरूले निर्देशन दिनुमा केन्द्रित छ (लुईसरत्सुचिडा, १९९९)। शिक्षकहरू पेशागत विकासमा पाठ अध्ययनको सिकाइ सजहजीकरणको चक्रहरूमा संलग्न भइरहने हुँदा शिक्षकको पेशागत विकासमा विद्यार्थीहरूको सिकाइ उपलब्धिको लक्ष्यहरूलाई प्रत्यक्ष रूपमा जोड्न सकिने भएकोले हाम्रा विद्यालयहरुमा तहतगरुपमा पाठ अध्ययन औचित्यपूर्ण हुने पाइन्छ ।

पाठअध्ययनजापानमा १९००बाटसुरूवात भएको पाइन्छ। पठनबाट सिक्नुको सट्टाहामी परिचित वस्तुहरूको अवलोकन मार्फत सिक्छौं (माकिने, २०१०)।कितावी ज्ञानलाई भन्दा अनुभवजन्य व्यवहारिक सिकाइलाई महत्व दिएको पाइन्छ । जापानमा अनुसन्धानात्मक पाठ योजनाकोनिर्माण र कार्यान्वयन गर्न तथा नयाँ शिक्षकहरूलाई तालिम दिनका लागि पाठ अध्ययनको प्रयोग गरिन्छ। वर्तमान पाठ अध्ययन अभ्यासको आधार भनेको अनुसन्धानको विषयमा पाठ तयार गर्नु, शिक्षण कार्यको अवलोकन गर्नु र परिमार्जन गर्नु हो (एर्मेलिंगरग्राफ-एर्मेलिंग, २०१६) । विद्यालयमा शिक्षकहरूले एकअर्काको पाठ अवलोकन गर्न, नयाँ रणनीतिहरू कार्यान्वयन गर्नर शिक्षण विधिहरूमा सुधार ल्याउन सामुहिक प्रयास गर्छन ।शिक्षकहरूले बुझ्न थाले कि एकमात्र विधि सबै विद्यार्थीहरूका लागि उपयुक्त हुँदैन। यसले गर्दाशिक्षकहरूले पाठ अध्ययनलाई सहयोगी बनाए (सरकार र अन्य, २०१०)। पाठ अध्ययनको

अवलोकन गर्ने शिक्षकहरूले शिक्षण विधि, सामग्री, र विद्यार्थीहरूको व्यवहारलाई ध्यानपूर्वक अवलोकन गरीशिक्षण कार्यको टिपोट गर्छन् र आवश्यक सुधार योग्य रचनात्मक सुझाव दिन्छन । पाठ अध्ययनको संरचनाले प्रदान गर्ने सहयोगात्मक अवलोकनले शिक्षकहरूलाई शिक्षण र विद्यार्थीको सिकाइको बारेमा साझा ज्ञानको विकास गर्न मद्दत गर्दछ (लुईसर अन्य, २००९) । विद्यार्थीको सिकाइ सुधारका लक्ष्यहरूसँग शिक्षकहरूको पेसागत विकासका कार्यहरुलाई सहयोगात्मक रुपमा प्रवर्द्धन र संरचित गरिएको हुन्छ ।पाठ अध्ययनको चक्रले शिक्षकहरूलाई आफ्नो कक्षासँग सम्बन्धित व्यावहारिक समस्याहरू अन्वेषण गर्न स्वतन्त्रता दिन्छ । शिक्षणमा सुधार ल्याउन र सिकाइ चक्रलाई निरन्तरता दिन आवश्यक शैक्षिक प्राविधिक सहयोग उपलव्ध हुने गरी पाठ अध्ययनमा शिक्षणीय चक्रलाई समावेश गरिएको हुन्छ । यस प्रकारको पेसागत सहयोगमाशिक्षकले विद्यालयमा वर्षभरि वा शैक्षिक सत्रभरि उपलव्ध हुने गरीशिक्षणीय योजना तयार गरिएको हुन्छ । पाठ अध्ययनले पेसागत विकासलाई शिक्षकहरूको शिक्षणीय अनुभवसँग प्रत्यक्ष रुपमा  सम्बन्धित बनाउँछ ।जुन परम्परागत शिक्षककोपेसागत विकासका प्रक्रियाहरूले प्रदान गर्न सक्दैन (लुईसर हर्ड, २०११) ।

नेपालको सन्दर्भमा पाठ अध्ययन सम्बन्धी शिक्षण प्रक्रियाहरूले विद्यालय शिक्षामा महत्त्व पाएको देखिँदैन। जसका कारण शिक्षकहरूमा सामूहिक सहकार्यत्मक सहयोगी भावना न्यून पाइन्छ। नेपालको सामुदायिक विद्यालयमा काम गर्ने शिक्षकहरू आफ्ना सहपाठी शिक्षकहरूसँग समूहमा काम गर्न रुचाउँदैन । विद्यालयको शैक्षिक वातावरणमा समन्वय र सहकार्यत्मक संस्कृतिको विकासको लागि पाठ अध्ययनलाई प्रभावकारी रुपमा विद्यालय शिक्षामा उपयोग गर्न सकेविषयवापाठकोकक्षागतसिकाई उपलब्धिमा शिक्षकलाई जिम्मेवारी बनाउन सकिने गतिलो आधार बन्न सक्ने देखिन्छ । हाल सञ्चालित विद्यालय शिक्षा क्षेत्र योजना र शिक्षकको पेसागत विकास प्रारुप २०८० बाट पाठ अध्ययनलाई शिक्षकको पेसागत विकासको माध्यमको रुपमा दुवै दस्तावेजमा उल्लेख गरिएको छ तर पनि शिक्षकको पेसागत विकासमा प्रमाणीकरण तालिमलाई मात्र महत्व दिइरहदा पाठ अध्ययन जस्तो सहपाठी शिक्षकको शिक्षणीय सहयोग तथा ज्ञान, सीप र अनुभवको सहकार्यको सामुहिक प्रयासबाट कार्यस्थलमै  स्वप्रयत्नमा आधारित भएर शिक्षणीय अभ्यासमा सुधार गरिने सहज प्रक्रिया भएपनि शिक्षक प्रमाणीकरण तालिम खर्चिलो र अव्यवहारिक हुँदा हुँदै पनि यसलाई महत्व दिइने कारणलाई समस्याको रुपमा लिएर शिक्षकको सहकार्यात्मक सामुहिक प्रयासबाट शिक्षण प्रक्रियाको उपयोगिता र प्रभावकारिताको लागि पाठ अध्ययनलाई समाधानको उपायको रुपमा अध्ययन गरिएको छ ।

पाठ अध्ययनले शिक्षकहरूलाई कक्षा शिक्षणसँग सम्बन्धित समस्यामा आधारित भएर अनुसन्धानात्मक रुपमा पाठको अध्ययन गरी समस्याको समाधान गर्न प्रेरित गर्दछ । शिक्षक आफैँस्व निर्देशित भएर निरन्तर पेसागत विकासको कार्यक्रममा संलग्न हुने गरी पाठ अध्ययनको प्रक्रिया र विधि

छनोट गरिन्छ । नेपालको विद्यालय शिक्षाको सन्दर्भमा शिक्षकको पेसागत विकासको लागि प्रमाणीकरण शिक्षक तालिमलाई मात्र महत्व दिइरहेको अवस्थामा शिक्षकको निरन्तर पेसागत सहयोग प्रदान गरिने गरी पेसागत विकासका कार्यहरुलाई प्रभावकारी रुपमा जोड्न सकिएको छैन भने अर्को तिर सूचना तथा सञ्चार क्षेत्रमा भएको प्रविधिको विकासले शिक्षा क्षेत्रमा फरक फरक चुनौतिहरु थपिइरहेको छ । यी र यस्तै समस्याहरुमा आधारित भएर अध्ययन गरिएको छ ।उक्त समस्या समाधानका लागि शिक्षकको पेसागत विकासमा पाठ अध्ययन प्रक्रियाको उपयोगिता र प्रभावकारिता पहिचान गर्नु प्रमुख उद्देश्य राखी शिक्षकको पेसागत विकासमा पाठ अध्ययनको प्रक्रिया/चक्र केके हुन् ? र पाठ अध्ययनको उपयोगिता र प्रभावकारिता कसरी पहिचान गर्ने ? भन्ने प्रमुख अनुसन्धानात्मक प्रश्नको आधारमा अनुसन्धानात्मक उद्देश्य पुरा गर्ने व्यवहारिक उपाय पहिचान गरिएको छ ।

शिक्षकलाई दिइने प्रमाणीकरण तालिम सैद्धान्तिक र आर्थिक रूपमा खर्जिलोतथा बढी औपचारिकता हुने हुँदा यस्ता तालिमको मुख्य उद्देश्य शिक्षकलाई प्रमाणपत्र प्रदान गर्नु र त्यसैलाई शिक्षकको पेसागत विकासमा जोड्ने व्यवस्था गरिन्छ । तालिम अवधिभरि शिक्षक विद्यालयमा अनुपस्थिति रहने र तालिम पश्चात पनिउक्त अवधिमा सिकेका ज्ञान तथा सीप कक्षाकोठामा नपुग्ने भएकाले शिक्षक र सिकाइमा कुनै परिवर्तन नभएको प्रशस्तै सुन्न र पढ्न पाइन्छ । समग्रमा भन्दा प्रमाणीकरण तालिमको प्रभावकारिता र उपयोगिता न्यून हुने र शिक्षकको पेशागत विकासको कार्यमा शिक्षकसँग सहकार्य नहुने आदि जस्ता समस्याहरु प्रशस्तै पाइन्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुप कक्षा १-३ सम्म कार्यान्वयनमा रहेको एकीकृत पाठ्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सामूहिक सहकार्यबाट सिकाईमा सुधार हुने व्यवहारिक विधिको रुपमा पाठ अध्ययन प्रभावकारी र उपयोगी हुने भएकोले यो अध्ययन औचित्यपूर्ण रहने छ।

## साहित्यको पुनरावलोकन

लुईस र अन्य (२००६) ले गरेको अनुसन्धानमा पाठ अध्ययनले कसरी शैक्षणिक सुधारमा योगदान पुर्याउन सक्छ? पाठअध्ययनको मामला अध्ययनमा पाठ अध्ययनको अनुसन्धान र शिक्षण सुधारमा योगदानको बारेमा चर्चा गरेका छन् । पाठ अध्ययन कक्षा शिक्षणमा सुधार ल्याउने प्रभावकारी माध्यम भएकोलेयसको प्रभावहरूलाई शिक्षकहरूको पेसागत विकास र कक्षा सुधारसँग जोडेका छन्। पाठ अध्ययनमा सहपाठी शिक्षकहरु मिलेर पाठको योजना, कार्यान्वयन र प्रतिविम्वनगरेरसिकाइको प्रभाव विश्लेषण गरी शिक्षण योजनाहरू तयार गरिन्छ।

डडली, पी (२०१ तिन) । "पाठ अध्ययनमा शिक्षक सिकाइ : अन्तरक्रियात्मक तहको संवाद विश्लेषणले कसरी शिक्षकहरूले मिलेर गणितीय शिक्षण विधिहरू विकास गर्छन् भन्ने कुरा खुलासा गर्‍यो।" उक्त शिक्षण र शिक्षक शिक्षामा पाठ अध्ययनका क्रममा शिक्षकहरूले आफ्नो शिक्षण विधिहरूको

परिमार्जन र विश्लेषण गर्ने प्रक्रियालाई विशेष रूपमा अध्ययन गरेका छन्। यसमा, शिक्षकहरूको आपसी वार्ता र संवादमार्फत गणितको शिक्षण विधिहरूको विकास र सुधार गर्ने तरिकाहरूको अध्ययन गरिएको छ। यस अध्ययनमा शिक्षकहरू मिलेर शिक्षण योजना तयार गर्दा विचार-विमर्श र अन्तरक्रियालाई महत्त्वपूर्ण ठान्छन्, जसले शिक्षकहरूको शिक्षण विधिहरूमा सुधार ल्याउँछ।

डडली, पी (२०१५)। "पाठअध्ययन: हाम्रोसमयकोलागिपेसागत सिकाइशीर्षकको अध्ययनमापाठ अध्ययन अवधारणाको गहिरो विश्लेषण गरेका छन् र यसलाई शिक्षकहरूको पेशागत विकासका लागि प्रभावकारी विधि भनेर प्रस्तुत गरेका छन्। उनले पाठ अध्ययनको उपयोगका उदाहरणहरू, यसका लाभ र चुनौतीहरूको विश्लेषण गरेका छन् र यसका प्रभावहरू कक्षामा शिक्षण विधिहरूमा भएको सुधारमा कसरी देखिन्छ भन्ने कुरा समावेश गरेका छन्। यसमापाठ अध्ययनलाई शिक्षकको पेसागत विकास र शैक्षिक सुधारको लागि एक आवश्यक शैक्षणिक विधिको रूपमा प्रस्तुत गरिएको छ।

किटाइजिंगएस र अन्य (२०१६) । ले "शिक्षक सञ्जालीकरणकोपेसागतसहकार्यबाट शिक्षणीयपाठहरुमा सुधार सम्बन्धी अन्तर्राष्ट्रिय शैक्षिक सुधार पत्रिकामा प्रकाशित अनुशन्धनात्मक लेखमाशिक्षकहरूको पेशागत सञ्जालीकरण र सहकार्यलाई प्राथमिकता दिइएको छ । यसले पाठ अध्ययनलाई विद्यालयहरूको सुधारमा कसरी मद्दत पुर्याउछ भन्ने बारेमा चर्चा गरिएको छ।यस अध्ययनमा शिक्षकहरूको साझा प्रयासले कक्षामा सुधार ल्याउँछ र यसलाई कार्यात्मक शिक्षक सञ्जालीकरणको रूपमा प्रस्तुत गरिएको छ जसले शिक्षकहरूको पेसागत विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ।

हरग्रेभ्सएर फुलानएम, (२०१२)। "पेसागत पुँजी : हरेक विद्यालयमा शिक्षण रूपान्तरण।"को अनुसन्धानत्मकअध्ययनमा "पेसागत पूँजी" को अवधारणा र यसलाई विद्यालय सुधारमा प्रयोग गर्ने तरिकाहरूको विश्लेषण गरेका छन्। यसमा पाठ अध्ययनलाई शिक्षकहरूको पेसागत पूँजीको एक महत्त्वपूर्ण हिस्सा भएको रूपमा प्रस्तुत गरिएको छ। शिक्षकहरूको सहयोग र साझा सामुहिक प्रयास मार्फत कक्षामा सुधार ल्याउने र शिक्षकको पेसागत विकास गर्ने तरिकाहरूको चर्चा गरिएको छ। पाठ अध्ययन शिक्षकहरूको सामूहिक प्रयासको माध्यमबाट शिक्षणको गुणस्तर सुधार गर्नमा मद्दत पुर्याउँछ।

ढकाल, २०७५ इडियु खवरमा प्रकाशित आलेख अनुसार पाठ अध्ययनझट्ट हेर्दा सुक्ष्म शिक्षण जस्तै देखिए पनि पाठ अध्ययन र सुक्ष्म शिक्षणमा बीच फरक रहेको छ । सुक्ष्म शिक्षणको उद्देश्य कुनै विधि वा विषयवस्तुको अभ्यास गर्नु रहेको हुन्छ भने पाठ अध्ययनको उद्देश्य वास्तविक कक्षा शिक्षणमा सुधार गर्नु रहेको हुन्छ ।

कोइराला , शैक्षिक स्मारिका २०८१ को अनुसन्धानात्मक लेखमा शिक्षकको पेसागत विकासमा पाठ अध्ययनको अवस्था र प्रक्रिया शिर्षक अनुसन्धानात्मक लेखमा पाठ अध्ययन एउटा शक्तिशाली उपकरण

हो जसले शिक्षकहरूलाई आफ्नो शिक्षणलाई अझ राम्रो बनाउन मद्दत गर्छ। यो यस्तो प्रक्रिया हो जसले शिक्षकहरूलाई निरन्तर सिक्ने र सीप विकास हुन प्रेरित गर्छ।।शिक्षकलाई अन्तर मनदेखि नै प्रफुल्लित र मनोवैज्ञानिकरुपमा उत्पेरित बनाइ राख्न र व्यवहारिक, जीवनपयोगी र दिगो ज्ञान निर्माणको लागि पाठ अध्ययन महत्वपूर्ण छ भनी उल्लेख गरिएको छ।

माथिको साहित्यको पुनरावलोकनबाट पाठ अध्ययन प्रक्रियाको उपयोगिता र प्रभावकारिता सम्बन्धमा गरिएको विश्लेषणले शिक्षकहरूको पेशागत विकासमा पार्ने प्रभावलाई अध्ययन गरिएको छ। पाठ अध्ययनबाट शिक्षकहरूको पेशागत विकासमा यसको प्रक्रियाको प्रभावकारी उपयोगिता सम्बन्धमा विश्लेषण गरिएको छ। पाठ अध्ययनले शिक्षकहरूको सहकार्य र परस्पर सहयोगको माध्यमबाट कक्षा शिक्षणमा गुणस्तरीय सुधार गर्दछन। शिक्षकहरूको आत्मविश्वासका कारणले विद्यार्थीहरूको सिकाइमा सुधार आउछ। शिक्षकहरूको सामूहिक विचार-विमर्श र पाठको निरन्तर अनुसन्धानात्मक योजनाबाट पेशागत क्षमतामा वृद्धिहुदै जान्छ। पाठ अध्ययन विधि जापानबाट सुरुभएर हाल यो विश्वभरिका विद्यालयमा शिक्षकहरूको शिक्षण सिकाइमा सुधारको लागि प्रयोग गरिन्छ।नेपालमा पाठ अध्ययन सम्वन्धमा शिक्षकको पेसागत विकास प्रारुप २०८० ले शिक्षकको पेसागत विकासको विधि वा प्रक्रियाको रुपमा पाठ अध्ययनलाई उल्लेख गरेको र शिक्षकहरुको विद्यालयमै स्वप्रयत्नबाट सिकाइमा सुधार हुने र यसलाई निरन्तर पेसागत विकासको पद्धतिको रुपमा उपयोग गरिने भएकोले शिक्षकको पेसागत विकासको लागि दिइने प्रमाणिकरण तालिम भन्दा पाठ अध्ययन प्रभावकारी र व्यवहारिक भएकोले पाठ अध्ययन प्रक्रियाको प्रभावकारिता र उपयोगिता सम्बन्धमा अध्ययन गरिएको हो।

## अध्ययन विधि

अध्ययनका उद्देश्यहरू हासिल गर्नका लागिगुणात्मक अनुसन्धान ढाँचा अन्तर्गतघटना अध्ययन, गहन अन्तर्वार्ता, लक्षित समुह छलफल, सहभागी अवलोकन जस्ता अनुसन्धानका साधनको विकास गरी निर्णयात्मक नमूना छनोट विधिको माध्यमबाटसिन्धुली जिल्ला गोलन्जोर गाउँपालिकाको चारवटा विद्यालयलाई चयन गरियो रपाठ अध्ययनको प्रक्रियाको प्रभावकारिता र उपयोगिताको अध्ययनको लागि एकीकृत पाठ्यक्रम लागू भएको कक्षा तिनलाई मात्रछनोट गरी अध्ययनमा सहभागीका रूपमा चार जना शिक्षक मात्र छनोट गरियो। शिक्षकहरू कक्षाशिक्षणमा शिक्षण विधि र प्रक्रियाको छनोट र प्रयोग किन र कुन अवस्थामा गर्छन् ?विद्यार्थीहरू कसरी शिक्षण सहजीकरण प्रक्रियामा भाग लिन्छन ? कस्तो प्रतिक्रिया व्यक्त गर्छन् र के अनुभव गर्छन् ? भन्ने बुझ्न यो गुणात्मक अनुसन्धान विधिद्वारा अनुसन्धान गरियो। त्यसैलेअध्ययनको केन्द्रमा शिक्षक र विद्यार्थी दुवैको संलग्नताबाट सहकार्यात्मक शिक्षण क्रियाकलापमा पाठ अध्ययन प्रक्रियाको उपयोगिता र प्रभावकारिताको अध्ययनमाकेन्द्रित गरियो।

तथ्यांङ्क सङ्कलनका लागि सहभागी अवलोकन, फोकस समूह छलफल र गहन अन्तरवार्ता गरी तीनवटा विशिष्ट उपकरणहरूको प्रयोग गरियो। अवलोकन सुरु गर्नु अगाडि सहमति लिइएर अध्ययनको उद्देश्य स्पष्ट पारिएको थियो। लक्षित समूह विभाजनमासहभागीहरू स्वेच्छाले चयन गरिए। लक्षित समुह छलफलको समय आपसी सहमतिमा तय गरियो। पाठ अध्ययन, पाठ अध्ययनको उद्देश्य, पाठ अध्ययनको चक्र, पाठ अध्ययनको प्रभाव र उपयोगिता, सम्बन्धित विषयबस्तुमा लक्षित समुह छलफल गरियो।

**पाठ अध्ययनको सैद्धान्तिक उपयोग**

१. **सामाजिक-सांस्कृतिक सिद्धान्त : लेभ भिगोत्स्की**ले १९२० र १९तिन० को दशकमा विकास गरेका थिए। यस सिद्धान्तको मुख्य विषयवस्तुहरू सामाजिक अन्तरक्रिया, संस्कृति, र भाषा हुन्, जुन सिकाइ र संज्ञानको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन्। सिकाइ सामाजिक प्रक्रिया हो। विद्यार्थीहरूले अन्य व्यक्तिहरूसँग (शिक्षक, साथीहरू, अभिभावक) अन्तरक्रिया गर्दै नयाँ ज्ञान र सीपहरू आर्जन गर्छन्। यस सिद्धान्तको शैक्षिक प्रक्रियामा समूहकार्य, शिक्षकको सक्रिय सहभागिता, र सांस्कृतिक सन्दर्भमा आधारित शिक्षण विधिलाई प्राथमिकता दिइएको छ। विद्यार्थीहरूले समूहमा काम गर्दा र सामाजिक अन्तरक्रियामा संलग्न हुँदा राम्रो सिक्छन् भन्ने शैद्धान्तिक मान्यतालाई पाठ अध्ययन प्रक्रियामा उपयोग गर्दा प्रभावकारी हुने देखिन्छ।

२. **संज्ञानात्मक सिद्धान्त**: १९५० र १९६० को दशकमा मनोवैज्ञानिक जिन पियाजे **र जेरोम ब्रुनरको** प्रमुख योगदान रहेको यस सिद्धान्तमा सिकाइलाई मानसिक प्रक्रियाहरू स्मरण शक्ति, प्रतिक्रिया र समस्या समाधान क्षमतामा आधारित मानिन्छ। यो सिद्धान्तले विद्यार्थीको आन्तरिक संज्ञानात्मक प्रक्रियालाई बुझ्न र उनीहरूको मानसिक विकासको आधारमा शिक्षण विधि अपनाउन प्रेरित गर्छ। विद्यार्थीहरूले सिकाइको प्रक्रियामा नयाँ जानकारीलाई आत्मसात् र समायोजन गरेर ज्ञान निर्माण गर्छन्।सिकाइ मानसिक प्रक्रिया भएकोले संज्ञानात्मक सिद्धान्तलाई पाठ अध्ययनमा उपयोग गरिदा सिकाइ प्रक्रिया उपयोगी र प्रभावकारी हुने देखिन्छ ।पाठ अध्ययनमा पनि सिकाइ प्रक्रियालाई मानसिक प्रक्रियाको रुपमा स्मरण शक्ति, ध्यान र समस्या समाधान क्षमतामा आधारित भएर चक्रिय पद्दति अनुसार शिक्षण सहजीकरण कार्य गरिने हुँदा अझ प्रभावकारी हुने यस सिद्धान्तको सैद्दान्ति अध्ययनबाट देखिन्छ।

३. **व्यवहारवादी सिद्धान्त** : वॉटसनले १९१तिन मा आफ्नो **"व्यवहारवादी दृष्टिकोणको रूपमामनोविज्ञान"** नामक लेखमा व्यवहारलाई वातावरणीय उत्तेजना **र** प्रतिक्रिया बीचको सम्बन्धको रूपमा व्याख्या गरे। यो सिद्धान्तले व्यवहारलाई परिवर्तन गर्न प्रोत्साहन र पुरस्कारको प्रयोगलाई महत्त्व दिइन्छ। थोर्नडाइकले व्यवहारलाई प्रभावकारी परिणामले प्रभाव पार्ने कुरा उल्लेख

गरे।यस सिद्दान्त अनुसार सिकाइ वातावरणीय उत्तेजना र त्यसमा दिइने प्रतिक्रियाको बीचको सम्बन्ध हो।पाठ अध्ययन प्रक्रियामा शिक्षक र विद्यार्थीमा सधै सिक्नको लागि उत्प्रेरणा र प्रतिक्रिया भइरहनु पर्ने हुँदा व्यवहारवादी सिद्धान्तको प्रभावकारी उपयोग पाठ अध्ययनमा रहिरहने देखिन्छ।

माथिका सिद्धान्तहरूलाई पाठ अध्ययनमा उपयोग गर्दा पाठ शिक्षण प्रक्रियालाई अझ प्रभावकारी बनाउन सकिन्छ। कक्षा शिक्षण सहजीकरणको क्रममा शिक्षकले शिक्षण कार्यलाई नवप्रवर्तन बनाउन विभिन्न शैद्धान्तिक ज्ञानलाई व्यवहारिक प्रयोगमा रुपान्तरण गरी विद्यार्थीको सिकाइ वातावरणलाई जीवन्त बनाई पाठ्यक्रमले तोकेको सिकाइ उपलव्धि हाँसिल गर्न प्रेरित हुन्छन जसले गर्दा शिक्षकको पेसागत विकासमा समेत सहयोग पुग्दछ।

## छलफल र नतिजा


पाठ अध्ययन अन्तर्गत उल्लेखित सिद्धान्त अनुसार सामाजिक सास्कृतिक सिद्धान्तले सामुहिक सहकार्यलाई जोड दिन्छ । विद्यार्थीहरुको सास्कृतिक पृष्ठभूमी र अनुभवलाई पाठ योजना निर्माणमा समावेश गरी समुहगत कार्य, छलफल र सहकार्यात्मक सिकाइलाई प्रोत्साहन गर्न शिक्षक सहकर्मीबीच सिकाइ अनुभव आदन प्रदान गरिने कार्य गरिन्छ ।संज्ञानात्मक सिद्धान्तले शिक्षणीय विषय वस्तु प्रतिको ज्ञान, सीप र गहिरो धारणाको विश्लेषणात्मक प्रतिक्रिया प्रदान गरी शिक्षण सहजीकरण कार्यमा सुधारका उपायहरुको खोजी गरिन्छ ।प्रश्नोत्तर, समस्या समाधान र शिक्षणीय पाठको विश्लेषण हुने गरी पाठ योजनाको पुन निर्माण गर्दा विद्यार्थीहरुको संज्ञानात्मक आवश्यकतालाई ध्यानमा राखिएको छ । व्यवहारवादी सिद्धान्तले सिकाइको उद्देश्य प्राप्तिमा जोड दिइन्छ ।सिकाइ उपलव्धिलाई पाठ्यक्रमको उद्देश्यसँग जोडेर पाठ अध्ययन प्रक्रियाको विश्लेषण गरिएको छ। विद्यार्थीको सकारात्मक व्यवहारलाई प्रोत्साहन गर्न शिक्षकको पनि सकारात्मक धारणा र सहकार्यात्मक शिक्षण अभ्यासात्मक कार्य हुनु पर्ने गरी पाठ अध्ययनको प्रक्रियालाई यी सिद्धान्तहरुको संयोजन मार्फत पाठ अध्ययन प्रक्रियाको विश्लेषण गरेर सिकाइ उपलव्धिको प्रभावकारिता र उपयोगिता पहिचान गरिएको छ। त्यस्तैगरीकक्षा अवलोकन गर्दा शिक्षक सहजीकरणको समयमा कक्षामा गरिएका सहपाठी अवलोकन र अवलोकन पश्चातको सुधारात्मक प्रतिक्रियात्मक प्रतिविम्बन, शिक्षकको आफ्नै अनुभवको प्रतिक्रिया र विद्यार्थीलेसिकाइमा देखाएको सक्रिय सहभागिता जस्ता गतिविधिले पाठ अध्ययनको लागिप्रेरणात्मक मार्गदर्शन प्रदान गर्यो।

### पाठ अध्ययनका प्रक्रिया

पाठ अध्ययनका चक्र अन्तर्गतअनुसन्धानात्मक पाठ योजना निर्माण, पाठ कार्यान्वयन, प्रतिबिम्बर सुधार पर्दछन। सिकाइ चक्रको अभ्यासहरूलाई विद्यार्थीहरूको सिकाइ लक्ष्यसँग कसरी जोड्ने भन्नेमा सचेत हुनुपर्ने आवश्यकता औंल्याएका छन्। शिक्षकहरूले कक्षामा ती अभ्यासहरूलाई कसरी प्रयोग गर्नेछन भनेर सावधानीपूर्वक योजना बनाउन आवश्यक छ। विद्यार्थीहरूसँगको शिक्षण सिकाइ प्रक्रियामा

अन्तरक्रियात्मक अवस्थाको प्रत्यक्ष विश्लेषणात्मक रुपबाट सिकाइमा पार्ने प्रभावको अवलोकन गरिन्छ। विद्यार्थी कसरी सिक्छन् भन्ने शिक्षकहरूको बुझाइलाई समेत मार्गदर्शन गर्छ।पाठ अध्ययनको चक्रले शिक्षकहरूलाई विषयवस्तु, विषयको प्रकृति, विद्यार्थीहरूले विषयवस्तु सिक्न आवश्यक सीपहरूर तिनका लागि उपयुक्त शिक्षण रणनीतिहरूको बारेमा सामूहिक संवाद र प्रतिबिम्बमा संलग्न गराउँछ। पाठ अध्ययनले विद्यार्थीको सिकाइमा देखिने परिवर्तन ल्याउनका लागि एक सम्भाव्य मार्ग प्रदान गर्न सक्छ(**गुस्की,२००२**)जसले प्रभावकारी रुपमा व्यावसायिक शिक्षाको केन्द्रविन्दु हुनुपर्ने बताएका छन्। पाठ अध्ययनले शिक्षकहरूको शिक्षण प्रक्रियामा परिवर्तन ल्याउने रूपरेखा प्रदान गर्छ र शिक्षकहरूको शिक्षण सहजीकरणको अभ्यासले विद्यार्थीहरुको सिकाइमा पर्ने प्रभावको प्रत्यक्ष अवलोकनमा सहयोग गर्दछ ।पाठ अध्ययनमा अनुसन्धानात्मकपाठकोशिक्षणरअवलोकनलेशिक्षकहरूकोनवप्रवर्तनात्मक शिक्षण अभ्यासको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धि हाँसिल गर्न उपयुक्त वातावरण सिर्जना गर्छ ।

पाठ अध्ययनले नयाँ ज्ञानको विकास, शिक्षक र विद्यार्थीहरूको सिकाइको सुधारर शिक्षण सहजीकरण प्रक्रियामा सुधार गर्नका लागि अनुसन्धानकर्ताको सक्रिय भूमिकामा जोड दिन्छ (**कनिफ, २०१७**) । पाठ अध्ययन चक्र कार्यमूलक अनुसन्धान चक्रसँग मेल खान्छ । अन्वेषण वा अवलोकन, अनुसन्धान पाठको योजना बनाउने वा कार्यान्वयन गर्ने, प्रतिबिम्बित गर्ने र परिवर्तन गर्ने वा परिमार्जन गर्ने (**लुईसरहर्ड, २०११; म्याकनिफ, २०१७**)जुन कार्यले अनुसन्धानलाई अध्ययनका लागि उपयुक्त पद्धति बनाउँछ। पाठ अध्ययनले शिक्षकहरूको विषयवस्तु, शिक्षण विधि, र विद्यार्थीको सिकाइ सम्बन्धी ज्ञान र विश्वासमा परिवर्तन ल्याउनेछ ।शिक्षकहरूको सहकार्य क्षमतामा सुधार गर्नेछर विद्यार्थीको सोचलाई सकारात्मकबनाउन प्रयोग गरिने शिक्षण र सिकाइ स्रोतहरूमा सुधार गर्नेछ (लुईस र अन्य, २००९)।




कक्षा शिक्षण सहजीकरण प्रक्रियामासहपाठी शिक्षकको सहयोगमा गरिने पाठ अध्ययनको चक्रिय प्रक्रिया अनुसारउपयुक्त शैद्धान्तिक पद्धति अपनाएर व्यवहारिक ज्ञानमा आधारित विद्यार्थी सिकाइमा निरन्तर सुधारको लागि शिक्षकको पेसागत विकासका कार्यहरु विद्यार्थीको विषयगत सिकाइ

उपलब्धिसँगजोडिनु पर्छ । सहपाठी शिक्षकको पेसागत सहयोगबाट अनुसन्धानात्मक पाठ योजना निर्माण गरी उपयुक्त शैक्षिक सामग्रीको प्रयोग गरी उत्कृष्ट सिकाइ सहजीकरणको लागि प्राविधिक सहयोग प्रदान गरिन्छ ।पाठ अध्ययनभनेको शिक्षकहरूको एउटा समूह मिलेर एउटा पाठलाई गहिरिएर अध्ययन गर्ने र त्यसलाई अझै राम्रो बनाउनका लागि मिलेर काम गर्ने एउटा प्रक्रिया हो। यो एउटा यस्तो चक्रीय प्रक्रिया हो जसले शिक्षकहरूलाई निरन्तर सिक्ने र सीप विकास हुन प्रेरित गर्छ।शिक्षकहरूले पाठको योजना बनाउँछन्, कक्षामा लागू गर्छन्, अवलोकन गर्छन् र त्यसको विश्लेषण गर्छन्। यस प्रक्रियाबाट शिक्षकहरूले आफ्नो शिक्षण सीपलाई निखार्न सक्छन् र विद्यार्थीहरूको सिकाइलाई अझ प्रभावकारी बनाउन सक्छन्। कक्षा कार्य, परियोजना कार्य, सामुदायिक कार्य, समुह कार्य र उक्त कार्यको प्रस्तुतीकरण र पृष्ठपोषणलाई पाठ अध्ययनको अनुसन्धानात्मक साधनको रुपमा लिइन्छ ।पाठ अध्ययनको प्रक्रियालाई निम्न अनुसार उल्लेख गरिन्छ ।

1. **पाठ छनोट:**शिक्षकहरूको समूह मिलेर एउटा पाठ छनोट गरिन्छ जुन पाठ सुधार गर्नुपर्ने हुन्छ ।पाठ्यक्रमले राखेको उद्देश्य अनुरुप पाठ तयारीको लागि छनोट गरिएको उक्त पाठ विद्यार्थीहरूका लागि चुनौतीपूर्ण र शिक्षकको लागि समस्यापूर्ण हुन सक्छ।
2. **अनुसन्धनात्मक पाठ योजना निर्माण :**शिक्षकहरूको समूह मिलेर पाठको विस्तृत योजना बनाउँछन्।यसमा पाठको उद्देश्य, शिक्षण विधिहरू, सामग्री र मूल्याङ्कनका तरिकाहरू समावेश हुन्छन्।
3. **शिक्षण सिकाइ सहजीकरण :**समूहका एक जना शिक्षकले पाठलाई कक्षामा सञ्चालन गर्छन्।अन्य शिक्षकहरू शिक्षण सहजीकरणको कार्यकलापलाई कक्षामा अवलोकन गर्छन् र पाठ शिक्षणको सन्दर्भलाई टिपोट गर्छन ।
4. **शिक्षण सहजीकरणको अवलोकन र विश्लेषण:**अवलोकन पछि, शिक्षकहरूको समूह मिलेर पाठको विश्लेषण गर्छन्।उनीहरू विद्यार्थीहरूको प्रतिक्रिया, शिक्षण विधिहरूको प्रभावकारिता र पाठका कमजोरीहरूमा छलफल गर्छन्।
5. **शिक्षण सुधार:**विश्लेषणको आधारमाशिक्षकहरूको समूह मिलेर पाठमा सुधार गर्नका लागि सुझावहरू दिन्छन् र पाठ योजना देखि शिक्षण सहजीकरण कार्यमा सुधार गर्छन्।
6. **शिक्षण पुनरावृत्ति:**सुधार पछिशिक्षकहरूको समूहले पाठलाई पुनः सञ्चालन गर्छन् र पुनः विश्लेषण गर्छन्।यो प्रक्रिया शिक्षकहरू सन्तुष्ट नभएसम्म पुनरावृत्ति भइ रहन्छ।

## पाठ अध्ययनको प्रभावकारिता र उपयोगिताको विश्लेषण

एकीकृत पाठ्यक्रम लागू भएको कक्षा तिन लाई छनोट गरिएको थियो। कक्षा तिनमा शिक्षण गर्ने चार जना शिक्षकलाई पाठ अध्ययनको अनुसन्धानत्मक कार्यको लागि छनोट गरियो । पाठ अध्ययनको प्रभावकारिता सम्बन्धमा विद्यार्थीहरूको सिकाइको स्तर निर्धारण गर्न प्रथम त्रैमासिक परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको विषयगत औषत अंकलाई आधार मानियो । प्रत्येक विषयको प्राप्त औषत अंकलाई नोट गरियो। यसको उद्देश्य पाठ अध्ययनको प्रक्रिया पश्चात् विद्यार्थीहरूको सिकाई क्षमतामा कति परिवर्तन हुन्छ भन्ने तुलनात्मक अध्ययन गर्नु गर्नु रहेको छ ।पोर्टफोलियोको आधारमा प्रथम त्रैमासिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको विषयगत औसत अङ्कसँग दोस्रो त्रैमासिक परीक्षामा प्राप्त गरेको औसत अङ्कलाई तुलनात्मक विश्लेषण गरेर पाठ अध्ययनको उपयोगिता र प्रभावकारिता पहिचान गरिनेछ।

प्राथमिक तह कक्षा तिन मा अध्यापन गर्ने सबै शिक्षकलाई अनुसन्धानत्मक पाठ योजना निर्माण, सामग्रीको छनोट र निर्माण, कार्यान्वयन र प्रतिविम्बन सम्मको कार्यमा सहपाठी शिक्षकको प्रत्यक्ष सहयोग रहने गरी कार्य विभाजन गरियो। एकजना शिक्षकले गरेको सहजीकरणलाई बाँकी अरु शिक्षकले अवलोकन फाराम रुब्रिक्स मार्फत शिक्षण सहजीकरण कार्यको लागि अङ्कन प्रदान गरी उक्त शिक्षण सहजीकरण कार्य उत्तम मध्यम सामान्य र निम्न कुन स्तरमा पर्यो भन्ने सन्दर्भमा कक्षा अवलोकन फारामको प्राप्ताङ्कको औसत अङ्कबाट पहिचान गरी उत्तम र मध्यम अङ्कन नभए पुन शिक्षण चक्र दोहोर्याइने गरी कार्यक्रम तय गरियो।

सबै सहपाठी शिक्षकहरू मिलेर बनाएको अनुसन्धानत्मक पाठ योजना र शिक्षण सामग्री अनुसार शिक्षकले उक्त सहपाठीसमूहमा प्रत्येक पाठ योजनामाअभ्यासात्मक शिक्षणकार्य गरी आवश्यक पृष्ठपोषण सहित कक्षामा सुधारात्मक शिक्षणको लागि मार्गदर्शन गर्ने कार्य पश्चात शिक्षण सहजीकरणका लागि कक्षामा जाने र अन्य सहपाठी शिक्षकहरूले वास्तविक शिक्षणको अवलोकन र मूल्याङ्कन गर्ने र आवश्यक सुधारको लागि रचनात्मक पृष्ठपोषण प्रदान गर्ने र सोही आधारमा पाठ अध्ययनको चक्र दोहोऱ्याउनुपर्ने वा सामान्य सुधार गरेर अगाडि बढ्न सकिने भन्ने बारेमा सहपाठी शिक्षकको प्रतिबिम्बन वा पृष्ठपोषणले तय गर्ने गरी कार्य योजना बनाइयो। कक्षा अवलोकनको संक्षिप्तविवरण तल उल्लेख गरिन्छ।

**पहिलो चरणको अवलोकन**

| विषय | शिक्षक | प्रतिक्रिया | | सहपाठी अवलोकनको औषत परिणाम |
|---|---|---|---|---|
| | | सवल पक्ष | कमजोर | |
| नेपाली | १ | - विद्यार्थीलाई उत्सुकता जगाउने काम<br>- खेलको माध्यमबाट सहजीकरण<br>- विद्यार्थीहरू उत्साही र सिकाइको लागि क्रियाशील<br>- क्रमिक सिकाइलाई महत्व दिएको<br>- एकीकृत पाठ्यक्रममा अन्तर र बहुविषयक<br>- सिकाईको लागि निरन्तर मूल्याङ्कन गरिएको आदि | | उत्तम |
| अंग्रेजी | २ | - विद्यार्थीलाई उत्सुकता जगाउने काम<br>- खेलको माध्यमबाट सहजीकरण<br>- विद्यार्थीहरू उत्साही र सिकाइको लागि क्रियाशील<br>- क्रमिक सिकाइलाई महत्व दिएको<br>- एकीकृत पाठ्यक्रममा अन्तर र बहुविषयक | सिकाईको लागि निरन्तर मूल्याङ्कनलाई महत्व नदिएको | मध्यम |
| सेरोफेरो | तिन | - विद्यार्थीलाई उत्सुकता जगाउने काम<br>- विद्यार्थीहरू उत्साही र सिकाइको लागि क्रियाशील<br>- क्रमिक सिकाइलाई महत्व दिएको<br>- एकीकृत पाठ्यक्रममा अन्तर र बहुविषयक<br>- सिकाईको लागि निरन्तर मूल्याङ्कन गरिएको आदि | खेलको माध्यमबाट शिक्षण सहजीकरण कार्यमा कमजोरी रह्यो | मध्यम |
| गणित | चार | - खेलको माध्यमबाट सहजीकरण<br>- विद्यार्थीहरू उत्साही र सिकाइको लागि क्रियाशील<br>- क्रमिक सिकाइलाई महत्व दिएको<br>- एकीकृत पाठ्यक्रममा अन्तर र बहुविषयक<br>- सिकाईको लागि निरन्तर मूल्याङ्कन गरिएको आदि | विद्यार्थीलाई उत्सुकता जगाउने काम गरिएन | मध्यम |

पाठ अध्ययन विद्यालय तहमै सहपाठी शिक्षकबाट गरिने शिक्षण सुधारको पेसागत अभ्यास हो । पहिलो अनुसन्धानात्मक कक्षामा सहपाठी शिक्षक मिलेर अनुसन्धानात्मक पाठ योजना बनाउने, शैक्षिक सामग्रीको संकलन र निर्माण तथा सिकाइ सहजीकरण क्रियाकलापको छनोट जस्ता कार्यहरु गरिएको र त्यसपछि सबै सहपाठी शिक्षकहरू मिलेर बनाएको अनुसन्धानत्मक पाठ योजना र शिक्षण सामग्री अनुसार शिक्षकले उक्त समूहमा पूर्व अभ्यासत्मक शिक्षणकार्य गरी  आवश्यक पृष्ठपोषण सहित कक्षामा सुधारात्मक शिक्षणको लागि मार्गदर्शन गर्ने कार्य पश्चात गरिएको शिक्षण सहजीकरण कार्य उपलब्धिमूलक भएको पाइयो । समग्रमा प्रथम चरणको अवलोकनले शिक्षण सिकाइ चक्र दोहोर्याउनु पर्ने देखिएन । एकीकृत पाठ्यक्रमअनुसारअन्तर विषयक र बहुविषयक पाठ्यवस्तुको उत्कृष्ट सहजीकरण हुन नसके पनि

विद्यार्थीहरूले सिकाइ सक्षमता भने हासिल गरेका थिए। अबको कक्षा शिक्षणमा अन्तर विषयक र बहुविषयक सम्बन्धलाई महत्व दिएर शिक्षण सहजीकरण गरिँदा सिकाइ उपलब्धिको स्तर अझ बढ्ने प्रतिबिम्बन रहेको पाइयो ।

| **दोस्रोदेखि छैठौ चरणसम्मको सहपाठी कक्षा अवलोकन** | | | | |
|---|---|---|---|---|
| दोस्रो चरणदेखि छैठौ चरणसम्म गरिएको सहपाठी कक्षा अवलोकनमा सहपाठी शिक्षकहरुको प्रतिक्रिया अनुसार शिक्षकको शिक्षण सहजीकरण कार्यलाई उत्तम भनी प्रतिक्रिया दिइएकोले दोस्रोदेखि छैठौ चरणसम्मको कक्षा अवलोकनलाई एउटै तालिकामा प्रस्तुत गरियो । | | | | |
| नेपाली | १ | सिकाइ सक्षमता हासिल, एकीकृत पाठ्यक्रम अनुकुल शिक्षण, निरन्तर मूल्याङ्कन, अन्तर र वहुविषयक सिकाइ | - | उत्तम |
| अंग्रेजी | २ | सिकाइ सक्षमता हासिल, एकीकृत पाठ्यक्रम अनुकुल शिक्षण, निरन्तर मूल्यांकन, अन्तर र वहुविषयक सिकाइ | - | उत्तम |
| सेरोफेरो | तिन | सिकाइ सक्षमता हासिल, एकीकृत पाठ्यक्रम अनुकुल शिक्षण, निरन्तर मूल्यांकन, अन्तर र वहुविषयक सिकाइ | - | उत्तम |
| गणित | चार | सिकाइ सक्षमता हासिल, एकीकृत पाठ्यक्रम अनुकुल शिक्षण, निरन्तर मूल्यांकन, अन्तर र वहुविषयक सिकाइ | - | उत्तम |

आधारभूत तह कक्षा तिन मा अध्यापन गर्ने चार जना शिक्षलाई अनुसन्धानात्मक पाठ योजना निर्माण, सामग्रीको छनोट र निर्माण, कार्यान्वयन र प्रतिविम्बन सम्मको कार्यमा विशेषज्ञ तथा सहपाठी शिक्षकहरुको प्रत्यक्ष सहयोगमा पूर्व अभ्यासत्मक शिक्षणकार्य गरी आवश्यक पृष्ठपोषण सहितको सुधारात्मक कक्षा शिक्षणको लागि मार्गदर्शन गर्ने कार्य पश्चात सम्बन्धित शिक्षकबाट गरिएको शिक्षण सहजीकरण कार्य उपलव्धिमूलक भएको पाइयो । प्रथम अनुसन्धानत्मक पाठ अध्ययनको प्रक्रियामा गरिएको शिक्षण कमजोरीलाई सुधार गर्दै छैटौँ कक्षासम्मको अवलोकनबाट प्राप्त प्रतिविम्बन र शिक्षकको शिक्षण सहजीकरण प्रक्रिया उत्कृष्ट पाइयो।कार्यस्थलमा सहपाठी शिक्षकको पेशागत सहयोगले शिक्षण सहजीकरण विधि र सिकाई उपलब्धि प्रक्रियामा जोड्न र तत्कालै पृष्ठपोषण दिएर सुधार गर्न दीर्घकालीन अभ्यास गर्न सकिने देखियो।समग्रमा दोस्रोदेखि छैठौ चरणसम्मको अवलोकनले शिक्षण सिकाइ चक्र दोहोर्याउनु पर्ने देखिएन ।शिक्षण सहजीकरण कार्यमा सहपाठी सहयोग र शिक्षण कार्यको पूर्व अभ्यासले शिक्षकलाई वास्तविक शिक्षण सहजीकरणमा प्रभावकारी र उपलव्धिमूलक बनाउन सहयोग गरेको निष्कर्ष निकालियो ।

| **सिकाइका लागि मूल्यांकनको विश्लेषण :** कक्षा तिनको विद्यार्थीहरूको दोस्रो त्रैमासिक सम्म शिक्षकले प्रदान गरेको विद्यार्थी पोर्टफोलिएको प्राप्त अङ्कन अनुसार प्रथम त्रैमासिक परीक्षासँग दोस्रो त्रैमासिक परीक्षाको तुलना गर्दापाठ अध्यनकोउपयोगिता र प्रभावकारिता उच्च रहेको पाइयो।जुन तलकोविद्यार्थीपोर्टफोलिएको नतिजाबाट स्पष्ट हुन्छ। | | | |
|---|---|---|---|
| प्रथम त्रैमासिक परीक्षा | औषत अंक | दोस्रो त्रैमासिक परीक्षा | औषत अंक |
| नेपाली | ५० | नेपाली | ७५ |
| अंग्रेजी | ४५ | अंग्रेजी | ७० |
| सेरोफेरो | ४० | सेरोफेरो | ७५ |
| गणित | ४५ | गणित | ८५ |

प्रथम त्रैमासिक परीक्षादेखि दोस्रो त्रैमासिक परीक्षासम्मको अवधिलाईआधार मानेर कक्षा तिन को पोर्टफोलियो मूल्यांकनबाट प्रथम त्रैमासिक परीक्षाको औषत अंक निकालिएको थियो । पहिलो त्रैमासिक परीक्षा पश्चात दोस्रो त्रैमासिक परीक्षा सम्म पाठ अध्ययनको चक्रिय प्रक्रियाको माध्यमबाट शिक्षण सहजीकरण कार्य गरियो ।माथिको तालिका अनुसार प्रथम त्रैमासिक परीक्षाबाट दोस्रो त्रैमासिक परीक्षा वीचको समयमा गरिएको पाठ अध्ययनको शिक्षण सहजीकरण प्रक्रियाबाट विद्यार्थीको सिकाइ उपलव्धी उल्लेख्य बढेको पाइयो ।यस अर्थमा पनि पाठ अध्ययन प्रक्रिया र यसको प्रभाव उपलब्धिमूलक रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**पाठ अध्ययनको उपयोगिता**

१. **पाठ अध्ययनमा सामान्यीकृत शिक्षण विधिको उपयोगिता :**यस विधिको अवधारणा पर्ल आर. एस. ग्यालाघरले सन १९८० को दशकमा प्रतिपादन गरेकी थिइन्।योसिद्धान्त वा शिक्षण विधिलाई शिक्षण सहजीकरण प्रक्रियामा विद्यार्थीहरूको सक्रियता र जिम्मेवारी बहनको लागि महत्त्वपूर्ण मानिन्छ ।आधारभूत तहको कक्षा तिनका सहपाठी शिक्षकहरुसँगको अन्तर्क्रिया, छलफल र कक्षा सहजीकरण अवलोकनबाट स्पष्ट हुन्छ विद्यालयमा गरिने सवै विषयहरुको शिक्षण पद्धतिमा पाठ अध्ययन प्रक्रियामा यो विधिको उपयोगिता रहेको पाइन्छ । जुन यस प्रकार उल्लेख गरिन्छ ।

- **I do (म गर्छु):** शिक्षकले पाठको सिकाइ सहजीकरण गर्दा सुरुमा शिक्षकले नेतृत्व लिएर सबै काम गर्छन् र विद्यार्थीलाई सिकाउन उदाहरण प्रस्तुत गर्छन्। यो चरणमा अनुभवी सहपाठी शिक्षकबाट नमूनाका रूपमा पाठ योजना बनाएर शिक्षकले पाठ्य वस्तुको व्याख्या र विश्लेषण गरी विद्यार्थीहरुलाई ज्ञान प्रदान गर्ने काम शिक्षकले व्यक्तिगत रुपमा गर्छन । यसमा शिक्षक बढी सक्रिय हुन्छन । विषय वस्तुको धारणात्मक ज्ञानको लागि शिक्षण सहजीकरण गरिन्छ ।

- **We do (हामी गर्छौं):** शिक्षक र विद्यार्थीहरू मिलेर सिकाइ प्रक्रिया अगाडि बढाउँछन्। शिक्षकले विद्यार्थीहरूको साथमा अभ्यास गराउँछन् र समस्याहरूको समाधानमा सहयोग गर्छन भने विद्यार्थीले पनि उत्सुक्ताका साथ शिक्षकसँगै सहकार्य गरेर सिकाइ हासिल गर्छन । पाठ अध्ययनको लागि यो चरणमा शिक्षकहरू मिलेर पाठ योजना निर्माण गर्ने र शिक्षण अभ्यासमा सहभागी हुने गर्छन । सबै शिक्षकहरूले सहकार्य गरी पाठको तयारी गर्छन् र सामूहिक रूपमा सिकाइ अभ्यास गर्छन्। सहपाठी शिक्षकहरूबाटशिक्षण सामग्री निर्माण, शिक्षण रणनीति र क्रियाकलाप छनोट गर्ने र विद्यार्थीसँगको अन्तरक्रियाको माध्यमबाटशिक्षण सहजीकरणमा सहकार्य गर्छन् र सुधारका लागि सुझावहरू आदान-प्रदान गर्छन्। यसरी, "We do" चरणले सामूहिक सिकाइको वातावरण सिर्जना गर्छ र शिक्षण प्रक्रियालाई सुधार्न सहयोग गर्छ।

- **You do (तिमी गर्छौ):** विद्यार्थीले सिकाइमा स्वनिर्भर हुँदै जाँदा सिकाइको जिम्मेवारी लिन थाल्छ । शिक्षकले निगरानी गरेर विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा कार्य गर्ने अवसर दिन्छन्। यसमा शिक्षकले कम हस्तक्षेप गरेर विद्यार्थीलाई स्वतन्त्र रूपमा सिक्न प्रेरित गर्छन्। पाठ अध्ययनबाट सिकेको ज्ञानलाई व्यक्तिगत अभ्यासको लागि समयानुकूल सुधार गर्न प्रोत्साहित गरिन्छ । शिक्षकले विद्यार्थीहरूलाई सिकाइमा जिम्मेवार बनी दक्षता हासिल गर्न प्रेरित गर्छन । विद्यार्थीले पनि कक्षामा सिकेको पाठलाई सहपाठी साथीहरुसँग प्रतिविम्बन गरी त्यसको प्रभावकारिताको समीक्षा गर्दछन । यसरी विद्यार्थीहरु सिकाइमा क्रमश स्वनिर्भर बन्दै जान्छन । यसरी उनीहरु सक्षम र दक्षता हासिल गर्दै प्रतिभावान विद्यार्थी बन्छन ।

शिक्षकको पेसागत विकासमा पाठ अध्ययनलाई "म गर्छु, तपाईं गर्नुहुन्छ, हामी गर्छौं"सिद्धान्त वा विधिसँग जोडेर शिक्षण सहजीकरण कार्यमा उपयोग गर्दाशिक्षकहरूले सहकार्यात्मक पद्धतिबाट गरिने शिक्षण अभ्यासमा व्यक्तिगत तथा सामुहिक (शिक्षक र विद्यार्थी) सुधारका लागि शिक्षणसिकाइ क्रियाकलापको प्रक्रियालाई उपयुक्त विधि वा रणनीतिको माध्यमबाट सिकाइका लागिगुणस्तरीय शिक्षणको सुनिश्चित गर्छ।

२. **सहपाठी शिक्षकसँगको सहकार्यको उपयोगिता:**विद्यार्थीहरूको लागि सिकाइको सामाजिक तत्वहरूमा ध्यान दिइए पनि विभिन्न अनुसन्धानहरूले शिक्षकहरूको लागि सिकाइका सामाजिक आयामहरूको महत्त्वलाई विचार गर्न आवश्यक छ भन्ने कुरामा बढी जोड दिन थालेको छ (**ग्रॉसमैन र अन्य, सन् २००१; होर्ड, २००४**)। यो व्यापक रूपमा स्वीकारिएको छ कि सहपाठी शिक्षकहरू विद्यालयमा शैक्षिक परिवर्तनको प्रवर्द्धन गर्ने सबैभन्दा महत्त्वपूर्ण कारकहरू मध्ये पर्दछन् (**डि लिमा, सन् २००१; ओइसिडि, २००९**)।सहपाठी शिक्षक समुहको मुख्य उद्देश्य भनेको यसले शिक्षकहरूको लागि निरन्तर सिकाइको वातावरण प्रदान गर्नु हो ।शिक्षकहरूलाई पेशागत विकासको लागि सहयोग र सहपाठीहरूको लागि सामाजिक संरचना प्रदान गर्नु हो। शिक्षकहरूलाई आफ्ना विद्यालयको वातावरण र वास्तविकताहरूभित्र शैक्षिक र पाठ्यक्रमका रणनीतिहरूसँग परिचित हुने अवसथा प्रदान गर्नु हो (**डार्लिङर अन्य, सन २००८) ।**

३. **शिक्षकको स्व प्रयासको उपयोगिता :** पाठ अध्ययनमा अनुसार गरिने शिक्षण सिकाइ सहजीकरण प्रक्रियामा शिक्षकको महत्वपूर्ण भूमिका हुने स्पष्ट देखिन्छ । जवसम्म शिक्षक शारीरिक र मानसिक रुपमा शिक्षण कार्यमा तयारी हुदैनन् तवसम्म सिकाइ उपलब्धि हाँसिल हुने सम्भावना रहदैन ।त्यसैले पनि परिवर्तन आफैँबाट सम्भव हुने हुँदा शिक्षकको स्वप्रयासको उपयोगिता नै पाठ अध्ययनमा महत्वपूर्ण हुने गर्दछ ।

४. **सिकाइ उपलव्धिको सुनिश्चितता सम्बन्धी उपयोगिता :** पाठ अध्ययन प्रक्रिया अनुसन्धानात्मक पाठ योजना निर्माण, कक्षा शिक्षणमा कार्यान्वयन र त्यसको प्रतिविम्बनमा आधारित छ ।यो चक्रिय प्रक्रिया भएको हुँदा विद्यार्थीको सिकाइ उपलव्धि हाँसिल भएको सुनिश्चित नभएसम्म पाठ अध्ययनको चक्र पुनरावृत्ति भइरहन्छ ।यस प्रकृयाबाट विद्यार्थी सिक्नको लागि सधै सक्षम हुन्छ र उपयुक्त वातावरणमा विद्यार्थीले सिकाइ हाँसिल गर्ने हुँदा उक्त वातावरण निर्माणमा शिक्षकको भूमिका महत्वपूर्ण हुने देखिन्छ ।

**पाठ अध्ययनको प्रभावकारिता**

१. **सिकाइ प्रक्रियालाई सुधार गर्न :**पाठ अध्ययन प्रक्रिया पाठ योजना, कार्यान्वयन र प्रतिविम्बनको चक्रिय पद्धति अनुरुप हुने भएकोले विद्यार्थीको सिकाइ उपलव्धि हाँसिल नभएसम्म पाठ अध्ययन प्रकृयालाई पुनरावृत्ति गरिहिने भएकोले सिकाइ प्रक्रियामा सुधार हुने सुनिश्चित गर्छ ।

२. **शिक्षक तालिम र विकास :**प्रमाणिकरण तालिमलाई मात्र शिक्षकको पेसागत विकास मान्ने परम्परागत शैद्धान्तिक धारणामा परिवर्तन भइ सहपाठी शिक्षकसँग प्राविधिक र पेसागत सहयोग र शिक्षण अनुभव आदनप्रदान गरिने हुँदा निरन्तर पेसागत विकासको वातावरण निर्माण हुँदै जाने र शिक्षण समस्याको तत्काल समाधान हुने हुँदा तत्कालै शिक्षण रणनीति तय गर्न र परिमार्जन गर्न सकिने भएकोले शिक्षक तालिम र विकासमा नयाँ आयाम देखिन्छ ।

३. **सहयोगात्मक शिक्षण :** सहपाठी शिक्षकहरु एक अर्कासँग शिक्षण अनुभव आदन प्रदान गरी शिक्षण सिकाइ सहजीकरणमा सुधार गर्छन ।सहयोगात्मक शिक्षण कार्यबाट सिकाइका नविनत्तम अभ्यासहरु समेत एक अर्कामा साझा गर्ने अवसर मिल्दछ ।

४. **शिक्षकको पेसागत विकास :** पाठ अध्ययनले शिक्षकहरुलाई नियमित रुपमा नयाँ ज्ञान र सिप प्राप्त गर्न प्रोत्साहन गर्छ। यसले उनीहरुको पेशागत विकासलाई निरन्तरता दिन्छ। शिक्षकहरु बीचमा ज्ञान आदान-प्रदान गराउँछ र शिक्षण प्रक्रियालाई थप प्रभावकारी बनाउँछ।

५. **विद्यालयको सिकाइ वातावरणमा सुधार :**पाठ अध्ययनमा शिक्षकहरु एक आपसमामिलेर काम गर्छन् । यसले सिकाइ र शिक्षणमा सहयोगी वातावरण सिर्जना गर्छ।

६. **स्वयम् मूल्यांकन र प्रतिक्रिया :** आफूले गरेको शिक्षणको स्वयम् मूल्यांकन गर्ने अवसर मिल्ने र सहपाठी अवलोकनमा दिइने सकारात्मक प्रतिक्रिया समेतको आधारमा आवश्यक सुधार गर्न मार्गदर्शन प्रशस्तै मिल्ने हुँदा शिक्षकको पेसागत विकासमा पाठ अध्ययनको प्रभावकारिता रहेको पाइन्छ ।

७. **दीर्घकालीन सिकाइ :** विद्यार्थीहरु सिकाइका विभिन्न क्रियाकलापमा सक्रिय सहभागिता जनाइ सिकाइ अनुभव आदन प्रदान गरेर सिकिने हुँदा सिकाइ दीर्घकालीन हुने हुन्छ ।

८. **निरन्तर सिकाइ :** शिक्षक तथा विद्यार्थीले जीवनभरि विभिन्न अनुभव, अध्ययनर अभ्यासहरूबाट नयाँ ज्ञान, सीप, र योग्यताहरू निरन्तर रुपमा औपचारिक तथा अनौपचारिक शिक्षा प्रणालीबाट जीवन पर्यन्तसम्म सिकेका हुन्छन र उक्त सिकेको ज्ञान र सिपलाईनिरन्तर सिकाइ प्रक्रियामा प्रभावकारी रुपमा उपयोग गरिन्छ ।

९. **सक्रिय सिकाइ :** विद्यार्थी र शिक्षक सक्रियरुपमा सिक्ने र सिकाउने अवसर मिल्ने हुँदा पाठ अध्ययनको प्रक्रियालाई कक्षा शिक्षणमा निरन्तर उपयोग गरिन्छ ।

१०. **आत्मविश्वासमा विकास :**पाठ अध्ययनमा शिक्षकको आत्मविश्वास बढाउने एक प्रभावकारी विधि हो। यस प्रक्रियामा शिक्षकहरूले सहकार्य गर्दै पाठ योजनाहरू तयार पार्छन्र तिनलाई कक्षामा प्रयोग गर्छन्। त्यसपछि समीक्षा र सुधार गर्छन्। यसरी पाठ अध्ययनको चक्रीय प्रक्रियाबाट शिक्षण सहजीकरण गरिदा शिक्षकको आत्मविश्वास बढाउने भएकोले पाठ अध्ययनलाई कक्षा शिक्षणमा प्रभावकारी र उपयोगी साधनको रुपमा विकास गर्नुपर्दछ ।

११. **क्रमिक सिकाई :**यसविधि अनुसार शिक्षकले क्रमशः सिकाइको जिम्मेवारी विद्यार्थीलाई हस्तान्तरण गर्छन्।विद्यार्थीहरूको आत्मनिर्भरता र आत्मविश्वास बढाउन मद्दत गर्छ।

१२. **विद्यार्थी केन्द्रित शिक्षण प्रक्रिया :** पाठ अध्ययनको सिकाइ प्रक्रियामा विद्यार्थीलाई नै सक्रिय गराइने हुँदा गरेर सिक्ने अवसर प्रदान गरिन्छ ।

१३. **मनोविज्ञानको प्रयोग :** पाठ अध्ययन प्रक्रियामा शिक्षक तथा विद्यार्थीको मनोविज्ञानलाई महत्व दिएर शिक्षण सिकाई प्रक्रियालाई अगाडि बढाइन्छ।सिकाई बौद्धिक प्रक्रिया भएकोले सिकारुकोमनोविज्ञानलाई बुझेर सिकाई सहजीकरणमा सहभागी गराइन्छ।

१४. **सामुहिक भावना :** पाठ योजनाको तयारीदेखि शिक्षण सहजीकरणसम्मका कार्यमा सहपाठी शिक्षकहरूको प्राविधिकसहयोगरहने हुन्छ। शिक्षण कार्यलाई सहपाठी शिक्षकहरूको सामूहिक प्रयासबाट उपलब्धिमूलक बनाउने प्रयास गरिन्छ ।

## निष्कर्ष

पाठ अध्ययन शिक्षकको पेसागत विकासको मोडेल हो । शिक्षकहरुले आफ्नै प्रयासबाट निरन्तर शिक्षण सुधारका उपायहरु खोजी गरी कार्यान्वयन गर्ने सहकार्यात्मक अभ्यास गर्दछन । शिक्षकहरूलाई शिक्षणका क्रममा आफ्ना रचनात्मक कक्षा सहजीकरण र शिक्षण अभ्यासलाई उद्देश्यमूलक बनाउन र

सहपाठी शिक्षकबाट व्यक्त गरिएको प्रतिबिम्बित सुझावबाट शिक्षकलाई पेसागत विकासमा सक्षम बनाउने प्रयास गरिन्छ । पाठ अध्ययनको पुनरावृत्ति चक्रमा गरिने सहभागिताले शिक्षकहरूको शिक्षण सामग्री सम्बन्धी ज्ञानलाई बलियो बनाउन पाठ अध्ययनलाई शिक्षकको पेसागत विकासको लागि विद्यार्थीको सिकाइ उपलब्धी अनुसार शिक्षकको शिक्षणीय कार्यको छनोट गर्न उनीहरुको सक्षमताको अवस्था पहिचान गरिन्छ। शिक्षण सहजीकरण प्रक्रियामा सहपाठी शिक्षकको रचनात्मक सहयोग र पाठ अध्ययनको चक्रिय प्रणालीमा संलग्नता जस्ता सकारात्मक कार्यले शिक्षकको शिक्षणीय कौशलमा प्रोत्साहन गरी विद्यार्थीको सिकाइ उपलब्धिमा महत्त्वपूर्ण भूमिका खेल्छ। सहपाठी शिक्षकहरुले पाठको उद्देश्य निर्माण, कक्षा शिक्षण संचालन, अवलोकन र समीक्षा गर्ने क्रममा सहकार्य गर्छन ।पाठ अध्ययनमा आलोचनात्मक दृष्टिकोणबाट विद्यार्थीको पूर्वज्ञान, सिकाइ वातावरण र विद्यार्थी प्रतिक्रियाहरूको व्याख्या र विश्लेषण गरिन्छ। पाठ अध्ययनको प्रक्रियामा संलग्न हुँदै गर्दा शिक्षकहरूले कक्षा शिक्षणको लागि छलफलको योजना बनाउने, विद्यार्थी सहजीकरण कार्यलाई सहज बनाउने र सकारात्मक दृष्टिकोण सहितको कार्यान्वयन योग्य सुझावबाट विद्यार्थीहरूको व्यवहारिक सीप र अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्न उनीहरुको सक्रिय संलग्नता सुनिश्चित गरिन्छ ।आधुनिक परिवर्तित सन्दर्भमा प्रमाणीकरण तालिमले मात्र शिक्षकहरूकोपेशागत समस्यालाई समाधान गर्न सक्ने देखिँदैन। ज्ञान विज्ञान र प्रविधिको क्षेत्रमा भएको विकासले सिकाईको वातावरणलाई बृहत र फराकिलो बनाएको छ।यस्तो अवस्थामासिकाईका स्रोतहरू पनि व्यापक हुँदै गएका छन्। आजको यो परिवर्तित समयमासूचना तथा सञ्चारको संजालीकरणको कारणले ज्ञान, विज्ञान र प्रविधिकाक्षेत्रहरुबृहत भइरहेका छन्। यी विविध कारणले शिक्षण सिकाई प्रक्रियामा पनि समस्या समाधान गर्न एकल प्रयासभन्दा सामूहिक प्रयास प्रभावकारी हुने देखिन्छ । त्यसको लागि पाठ अध्ययन शिक्षण सिकाइमा राम्रो र असल माध्यम बन्न सक्छ। गुणस्तरीय सिकाईसँग जोडिएर हुने पेशागत विकास मात्र दीर्घकालीन हुने हुँदा प्रविधिको विकाससँगै दिनानुदिन परिवर्तन हुँदै गएकोसिकाइकाविषयगत क्षेत्रहरूलाईपाठ्यक्रममाएकीकृत गरी जीवन्त सिकाइलाई सुनिश्चित गर्न पाठ अध्ययनमा गरिने सामूहिक सहयोगात्मक र सहकार्यात्मक सहपाठीशिक्षण प्रक्रियाको उपयोगिता रप्रभावकारिता रहेको स्पष्ट हुन्छ।

## नेपाली सन्दर्भहरू


कोइराला, किरण (२०८१), **शैक्षिक स्मारिका**, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भक्तपुर

ढकाल, रामचन्द्र (२०७५), शिक्षकको पेशागत विकास: जापानिज प्रविधि,**ईडियु खबर**

शैक्षिक जनशक्ति विकास परिषद(२०८०), **शिक्षक पेसागत विकास प्रारुप**, भक्तपुर

## अंग्रेजी सन्दर्भहरू

Darling-Hammond, L., Chung Wei, R., Andree, A., Richardson, N., & Orphanos, S. (2009). *Professional learning in the learning profession: A status report on teacher development in the United States and abroad*. National Staff Development Council & Stanford University.

Dudley, P. (2013). Teacher learning in lesson study: What interaction-level discourse analysis revealed about how teachers collaboratively develop mathematical pedagogies. *Teaching and Teacher Education, 34*, 107–121.

Dudley, P. (2015). *Lesson study: Professional learning for our time*. Routledge.

Dudley, P., Xu, H., Vermunt, J., & Lang, J. (2019). Empowering learning communities in schools: A new professional capital through lesson study. *Teaching and Teacher Education, 78*, 123–134.

Donohoo, J., & Velasco, M. (2016).*The transformative power of collaborative inquiry: Realizing change in schools and classrooms*. Sage Publishing.

Ermeling, B., & Graff-Ermeling, G. (2016).*Teaching better: Igniting and sustaining instructional improvement*. Sage Publishing.

Fernandez, C., Cannon, J., & Chokshi, S. (2003). A US-Japan lesson study collaboration reveals critical lenses for examining practice. *Teaching and Teacher Education, 19*(2), 171–185.

Guskey, T. (2002). Professional development and teacher change. *Teachers and Teaching, 8*(3), 381–391.

Grossman, P., Wineburg, S., & Woolworth, S. (2001). Toward a theory of teacher community.*Teachers College Record, 103*(6), 942–1012.

Hargreaves, A., & Fullan, M. (2012).*Professional capital: Transforming teaching in every school*. Teachers College Press.

Hord, S. M. (2004). Professional learning communities: An overview. In S. M. Hord (Ed.), *Learning together, leading together: Changing schools through professional learning communities* (pp. 5–14). Teachers College.

Kitising, S., Levin, B., & Hargreaves, A. (2016). Lessons for education reform from professional collaboration in teacher networks. *International Journal of Educational Reform, 25*(3), 1–24.

Lewis, C., Perry, R., & Hurd, J. (2009).Improving mathematics instruction through lesson study: A theoretical model and North American case.*Journal of Math Teacher Education, 12*, 285–304.

Lewis, C., Perry, R., & Murata, A. (2006). How should research contribute to instructional improvement? The case of lesson study.*Educational Researcher, 35*(3), 3–14.

Lewis, C., & Hurd, J. (2011).*Lesson study step by step: How teacher learning communities improve instruction*. Heinemann.

Makinae, N. (2010). Lesson study: The core of Japanese professional development. *Journal of Educational Studies, 58*(3), 225–238.

Marzano, R. (2007). *The art and science of teaching: A comprehensive framework for effective instruction*. Association for Supervision and Curriculum Development.

McNiff, J. (2017). *Action research: All you need to know*. Sage Publications.

Nye, B., Konstantopoulos, S., & Hedges, L. (2004). How large are teacher effects? *Educational and Evaluation Policy Analysis, 26*(3), 237–257.

Sarkar Arani, M. R., Shibata, Y., & Matoba, M. (2010). Implementation of lesson study in Iran: Evaluating its impact on teaching and professional development. *International Journal of Educational Reform, 19*(1), 89–107.